# संचारिका
## फिचर सेवा

वर्ष १३, अङ्क १० पुस/माघ January 2012


नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हज़ुरआमाले आफ्माथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

# बढ्दो असुरक्षाबीच शरणार्थी महिला

**बच्चाहरूसँग मात्रै बस्नु शरणार्थी महिलाका लागि त्यति सहज र सुरक्षित पनि छैन । दुई हप्ताअघि बेलडाँगी शिविरकी ६ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा स्थानीय धनबहादुर र इन्द्रबहादुर विष्ट अहिले पुर्पक्षका लागि थुनामा छन् । बालिकाको विराटनगरमा उपचार भइरहेको छ ।**

✍ **चेतन अधिकारी**

भुटानी शरणार्थी शिविर बेलडाँगी- १ स्थित सशस्त्र प्रहरीको सुरक्षा घेराभित्र तीन वर्षकी छोरीसँग महिना दिनदेखि एक महिला बसेकी छिन् । झापाको एक गाउँका स्थानीय पुरुषसँग बिहे गरेकी उनले श्रीमान्, सासू र ससुराबाट चरम यातना पाएपछि शरणार्थीसम्बन्धी राष्ट्रसङ्घीय उच्च आयोग (यूएनएचसीआर)सँग सुरक्षा मागिन् । सम्बन्धविच्छेद भइसकेका पूर्वश्रीमान् र उनका आफन्तले छोरी माग्ने वहानामा ज्यान लिने धम्की दिन थालेपछि शिविरको छाप्रो छोडेर उनी यहाँ बसेकी हुन् । सुरक्षाको कारण उनी आफ्नो नाम सार्वजनिक गर्न चाहन्नन् ।

भुटानी शरणार्थी शिविर मोरङको शनिश्चरेकी उत्तरकुमारी चौलागाईंले चार वर्षअघि राजघाट गाविस- ८ आम्बाडीका सुवासचन्द्र आँपगाईंसँग मागीविवाह गरिन् । नेपाली पुरुषसँग विवाह हुँदा उनमा खुसीको सीमा थिएन, किनकि नेपालीसँगको विवाहले जीवनसाथीको प्राप्तिसँगै उनलाई शरणार्थी हुनुको पीडाबाट मुक्ति मिल्थ्यो । तर, उनको त्यो खुसी धेरै दिन टिक्न सकेन । गाली-गलौजसँगै कुटपिटसमेत गर्ने श्रीमान्को ज्यादति उनले वर्ष दिनजति सहिन् । 'उनकै हातबाट ज्यान जालाजस्तो भएपछि फेरि म शिविरमै फर्किएँ,' उनले भनिन् । शरणार्थी छाप्रोमै छोरी जन्माएपछि उनी घर फर्किन् । सासू-ससुराले पनि उनलाई राम्रो गरेनन् ।

महिना दिनअघि श्रीमान्ले आत्महत्या गरे । उत्तरकुमारीले घरमै गएर काजकिरिया गरिन् । काजकिरिया सकिएपछि आँपगाईं परिवारले छोरी यहीँ छोडेर तँ यहाँबाट भागिनस् भने तँलाई जे पनि गर्छौं भनेर धम्क्याए । छोरी छोडेर म जाँदै जान्नँ भनेर उनले अडान लिएपछि आँपगाईं परिवारले उनलाई नानाथरी धम्की दिए । उनी छोरी छोडेर शिविर फर्किन बाध्य भइन् । त्यसको केही दिनपछि उनी पुनः घरमा गएर छोरी लिएरै शिविरमा फर्किन् । त्यसपछि उनलाई पटकपटक टेलिफोनबाट धम्की आएपछि असुरक्षित महसुस गरेर यूएनएचसीआरको शरणमा पुगेकी हुन् । 'मार्ने, अपहरण गर्ने, छोरी खोस्नेजस्ता धम्की निरन्तर आएपछि म शनिश्चरेमा बस्न सकिनँ,' उत्तरकुमारी भन्छिन्, 'यूएनएचसीआरलाई मेरो अवस्था बारम्बार जानकारी गराएपछि मलाई सुरक्षित स्थानमा राखिएको हो ।'

उत्तरकुमारीकी साथी डम्बरकुमारी खतिवडाको अवस्था पनि उस्तै छ । शिविरमा छँदै शनिश्चरेका कृष्णप्रसाद दाहालसँग प्रेमविवाह गरे पनि उनको दाम्पत्यजीवनले एक दशक काट्न सकेन । श्रीमान्को लगातारको कुटपिट, आरोप, शरणार्थी भनेर गरिने घोचपेच र अवहेलनाजस्ता कारणले ०६७ सालको चैतमा उनले सम्बन्धविच्छेद गरिन् । सम्बन्धविच्छेद गरे पनि दुई सन्तान र डम्बरकुमारीका लागि श्रीमान् पक्षले कुनै सम्पत्ति वा नगद दिएन । 'उनीहरूले जे-जे भन्छन् त्यसमा सही गरिदिनु मेरो बाध्यता थियो,' खतिवडा भन्छिन् । 'सम्बन्धविच्छेद हुँदा मैले पाउने कानुनी हकबारे थाहा थिएन ।' १० वर्षको छोरो र चार वर्षकी छोरी लिएर उनी

अहिले शिविरको एउटा छाप्रामा बसेकी छिन् । शिविरमा अब उनको रगतको नाता पर्ने यिनै दुई सन्तानबाहेक कोही छैनन् । सबै अमेरिका र अस्ट्रेलिया पुगिसकेका छन् ।

बच्चाहरूसँग मात्रै बस्नु शरणार्थी महिलाका लागि त्यति सहज र सुरक्षित पनि छैन । दुई हप्ताअघि बेलडाँगी शिविरकी ६ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा स्थानीय धनबहादुर र इन्द्रबहादुर विष्ट अहिले पुर्पक्षका लागि थुनामा छन् । बालिकाको विराटनगरमा उपचार भइरहेको छ ।

घरमा श्रीमती र छोराछोरी भए पनि बेलडाँगी- २ सेक्टर सी-१ छाप्रा नम्बर २५ का हरिकृष्ण कडरियाले १६ वर्षीया आरती तामाङलाई फकाएर श्रीमती बनाए । जेठी श्रीमतीको बहुविवाहसम्बन्धी उजुरी र आरतीकी आमाले बालिका छोरीलाई ललाइफकाइ विवाह गरेको भनेर बालविवाहविरुद्ध उजुरी गरेकी छिन् । उजुरी परेपछि कडरिया कानुनी कारबाहीबाट जोगिन भागेका छन् । उनलाई प्रहरीले खोजिरहेको छ ।

दुई दशकदेखि पूर्वीनेपालको झापा र मोरङका शरणार्थी शिविरमा बसिरहेका महिलाले सहनुपरेका हिंसाका केही उदाहरण हुन् यी । परम्परागत पितृसत्तात्मक संस्कार, बाक्लो बस्ती, अभाव, बेरोजगारी आदि कारणले शिविरमा महिला हिंसाको अवस्था डरलाग्दो भएको यूएनएचसीआरले जनाएको छ । शिविरमा महिलामाथि हुने गरेका हिंसालाई न्यून गर्न यूएनएचसीआरले हरेक शिविरमा भुटानी शरणार्थी महिला मञ्च (बीआरडब्लूएफ) गठन गरिदिएको छ । मञ्चको बेलडाँगी- २ का सहायक प्रवक्ता देउनारायण पौडेलका अनुसार बालिका बलात्कार, बहुविवाह, मदिरा सेवन गरेर श्रीमती कुट्ने, जबर्जस्ती सम्बन्धविच्छेद गर्न बाध्य पार्नेजस्ता घटना शिविरमा बढ्दो क्रममा छन् ।

मञ्चले दिएको जानकारीअनुसार सन् २०११ मा बेलडाँगीका तीनवटै शिविरमा गरेर करिब सयवटा महिला हिंसाका उजुरी परेका छन् । तीमध्ये अधिकांश बहुविवाह र सम्बन्धविच्छेदसँग सम्बन्धित छन् । 'बालविवाह, बहुविवाह र सम्बन्धविच्छेदका मुद्दामा छलफल नगरेको दिन हुँदैन,' शिविरकी उपसचिव मनमाया राई भन्छिन् । 'शरणार्थी, त्यसमाथि महिला अझ हिंसाले पीडित भएपछि उसको अवस्था के होला ? अत्यासलाग्दो जिन्दगी छ शरणार्थी महिलाको,' राईको भनाइ छ ।

पुरुषले सम्बन्धविच्छेद गरेपछि तेस्रो देशमा जाने प्रक्रिया पनि यूएनएचसीआरले सजिलो पारिदिएको छ । कतिपय महिला अधिकारकर्मीले यूएनएचसीआरको यो प्रावधानले शरणार्थी महिलाले थप पीडित हुनुपरेको आरोप लगाएका छन् । शरणार्थी अधिकारको क्षेत्रमा कार्यरत एकजना अधिकारकर्मी भन्छन्, 'डिभोर्स गर्नेबित्तिकै श्रीमान्लाई छुट दिने नियमले मन नपरेकी श्रीमती पन्छाउन शरणार्थी पुरुषलाई सजिलो भएको छ ।'

सशस्त्र प्रहरी बेस क्याम्प बेलडाँगी- १ का सशस्त्र प्रहरी निरीक्षक रविन भुजेलका अनुसार श्रीमान्ले मादक पदार्थ सेवन गरेर कुटेका, अनावश्यक शङ्का गरेर यातना दिएका, जबर्जस्ती यौनसम्पर्क गरेका उजुरी प्रहरीकहाँ आइरहन्छन् । 'एक महिनामै सयभन्दा बढ्ता उजुरी आउँछन्,' निवेदनको चाङ देखाउँदै भुजेल भन्छन्, 'कतिपयलाई बोलाएर छलफल गराउँछौँ, कतिपय आफैं मिल्छन्, मिल्न नसकेकालाई इलाका प्रहरीतिर पठाइदिन्छौँ ।'

जिल्ला प्रहरी कार्यालय झापाका मुद्दा फाँटका सइ यादव गौतमका अनुसार शिविरमा लैङ्गिक हिंसाको समस्या डरलाग्दो अवस्थामा छ । यौन, प्रेम र मायाजालमा फसाएर बेसहारा पारिएका शरणार्थी महिलाले आत्महत्या गरेको उदाहरण पनि प्रहरीसँग प्रसस्तै छन् । वर्षदिनअघि गोलधाप शिविरमा श्रीमान्को दिनहुँको पाशविक यौन-व्यवहार सहन नसकेर एक महिलाले आत्महत्या गरिन् । सुरुमा स्वाभाविक आत्महत्याको रूपमा लिइए पनि पछि प्रहरी अनुसन्धानले श्रीमान्को जङ्गली यौन-व्यवहारका कारण ती महिलाले आत्महत्या गरेको पुष्टि गर्‍यो । श्रीमान्को यौन-व्यवहारले आत्महत्या गरेको पुष्टि नभईकन श्रीमान् तेस्रो देश पुनर्बासका लागि अस्ट्रेलिया पुगिसकेका थिए ।

गत वर्ष असारमा बेलडाँगी- १ की एक युवतीलाई सामूहिक बलात्कार गरेर स्थानीय दुम्से जङ्गलमा हत्या गरिएको अवस्थामा तीन दिनपछि फेला पारियो । इलाका प्रहरी कार्यालय दमकको महिला सेलकी असइ गंगा राईका अनुसार यौनजन्य हिंसा यो क्षेत्रमा धेरै छ । इलाका प्रहरी कार्यालय दमकमा आउने मासिक करिब ३० वटा

महिला हिंसाका मुद्दामध्ये आधाभन्दा बढी शरणार्थी महिलासँग सम्बन्धित छन् ।

सशस्त्र प्रहरी बेस क्याम्प बेलडाँगी- २ का सशस्त्र प्रहरी निरीक्षक विजेन्द्र रिमालका अनुसार पुनर्बासमा गएका आफन्तहरूले शिविरमा पठाएको रेमिट्यान्सका कारण शरणार्थीको आर्थिक हैसियत उक्सिएको छ । यसले मदिरा, मोबाइल, सीडी प्लेयर, ब्लु फिल्म शिविरमा ठूलो मात्रामा भित्रिने गरेका छन् । 'मदिरा खाएर श्रीमती कुट्ने, मोबाइलमा अश्लील फिलम हेर्ने र अरूलाई पनि देखाउने चलनले गर्दा मानिसको मस्तिष्कमा यौनकुण्ठा उत्पन्न हुँदा बालिका बलात्कार, जबर्जस्ती करणी, वृद्धा बलात्कारजस्ता घटना हुने गरेका छन् ।

हिंसामा परेका महिला शरणार्थीलाई निःशुल्क कानुनी सहयोग गर्नका लागि यूएनएचसीआरले यस्ता महिलालाई वकिलको व्यवस्था गरिदिएको छ । नेपाल बार एसोसिएसन, भुटानी शरणार्थी कानुनी सहायतासम्बन्धी कार्यालय झापाका अनुसार सन् २०११ मा कार्यालयले एक सय ६६ जना महिलालाई कानुनी सहायता उपलब्ध गराएको छ। कार्यालयमा आएका मुद्दामध्ये ४८ वटा सम्बन्धविच्छेदका थिए । अन्य मुद्दा पनि महिला हिंसासम्बन्धी नै छन् । सन् २०१२ को सुरुवातमै १५ दिनमा सातवटा महिला हिंसाका मुद्दा दर्ता भएका छन् । समयमै हिंसा न्यूनीकरणका उपाय अवलम्बन गर्न नसके शरणार्थी शिविरहरूमा यसले विकराल रूप लिन सक्ने देखिन्छ ।

*साभार : संचारिका फिचर सेवा*

*(चेतन कान्तिपुर दैनिकका झापाको दमकस्थित संवाददाता हुन्)*

# दुर्व्यसनको दलदलमा महिला

**लागूऔषध प्रयोग गर्ने श्रीमान्का कारण थाहै नपाई श्रीमती पनि त्यसमा फस्दै गएका छन् । यस्तो अवस्थामा परिवारले छोरालाई सहजै स्वीकार गर्ने र बुहारीलाई अवहेलना गर्ने कारणले महिलाले थप समस्या झेल्नुपरेको छ ।**

**✍ मीना शर्मा**

दुर्व्यसनी श्रीमान्का कारण लागूऔषधको लतमा फसेकी केशरी लिम्बूलाई त्यो दलदलबाट निस्कन निकै गाह्रो भइरहेको छ । हङकङमा बस्दा लागूपदार्थको लतमा फसेकी काठमाडौंकी ३३ वर्षीया लिम्बू अहिले नेपाल फर्केर पुनर्स्थापना केन्द्रमा बसी सुध्रने प्रयासमा छिन् । १५ वर्षअघि हङकङ पुगेकी लिम्बू त्यहाँको एक बारमा रात्रि काम गर्थिन् । बारमै काम गर्ने श्रीमान्लाई भेट्न कोठामा विभिन्न किसिमका मानिस आउँथे, पछि थाहा पाइन्- ती साथी त नशा लिनका लागि आउँदारहेछन् । उनीहरूको सङ्गतले उनी पनि यसमा फसिन् । घरमा श्रीमान्का साथीहरूको जमघट हुने र उनीहरूले नै नशालु पदार्थ लिएर आउने हुनाले सुरुमा सजिलो भयो । बिस्तारै मात्रा (डोज) बढ्दै गयो आफ्नो आम्दानीले थाम्न सकेन, भाइ हङकङमै थिए, आम्दानी कम भएको र बच्चासँगै आफ्नो खर्च नपुगेको बहाना गर्दै उनी आफ्नो भाइसँग पैसा मागी थप नशा किनेर खान थालिन् । दिनमा २४ डलरसम्मको नशाको आवश्यक हुँदै गएपछि मात्र आफू निकै बिग्रिएको महसुस हुन थाल्यो । जब श्रीमान्-श्रीमती दुवैको डोज बढ्दै गयो तब छोराको अवस्था निरीह बन्दै गयो । उनी भन्छिन्, 'आमा र बाबु दुवैले नशा खाँदै जाँदा कति नेपाली बच्चा बेवारिसे अवस्थामा पार्क, सडक र गल्लीमा दुःखलाग्दो अवस्थामा देखेपछि छोराको भविष्यबारे चिन्ता लाग्यो ।' आफ्नो अवस्थाबारे नेपालमा रहेका माइतीलाई जानकारी गराएपछि माइतीको सल्लाहमा उनी आठ महिनाअघि नेपाल आएकी हुन् । बच्चासँग नेपाल आएर सुध्रने प्रयास गरिरहेकी लिम्बूका श्रीमान् अहिले पनि उस्तै हालतमा हङकङमा छन् । नेपाल फर्कंदा बच्चा भएका महिलालाई धेरै कडाइ नगरेकै कारण उनले यहाँ आउँदासम्मको डोज मुखमा जिब्रोले च्यापेर ल्याउन सफल

भइन् । यसले समय, पैसा र स्वास्थ्यको मात्र होइन परिवारको पनि बर्बादी गराएकाले सबैलाई सचेत हुन उनी अनुरोध गर्छिन् । 'पटक-पटक श्रीमान्लाई नेपाल आउन आग्रह गरेकी छु, तर आउनुभएको छैन,' उनले भनिन् । उनको यो भनाइले हङकङमा रहेका नेपाली युवाको अवस्था चित्रण गर्छ । उनका अनुसार, लागूऔषध प्रयोग गर्ने श्रीमान्का कारण थाहै नपाई श्रीमती पनि त्यसमा फस्दै गएका छन् । यस्तो अवस्थामा परिवारले छोरालाई सहजै स्वीकार गर्ने र बुहारीलाई अवहेलना गर्ने कारणले महिलाले थप समस्या भोल्नुपरेको छ ।

पैसा कमाउन हङकङ पुगेका मात्र होइन, बढ्दो उमेरमा परिवारको राम्रो साथ नपाएका धेरै युवती यसबाट अछुतो हुन सकेका छैनन् । त्यस्तै १५ वर्षको उमेरमा रक्सीको लतमा परेकी धरानकी ३० वर्षीया उषा क्षेत्री साथीहरूको लहलहैमा थाहै नपाई लागूऔषधको अम्मली बनिन् । परिवारले थाहा पाउँदा ड्रग्सको डोज बढेर आफूलाई नियन्त्रणमा राख्नै नसक्ने अवस्थामा पुगिसकेकी थिइन् । पाँच वर्षअघि परिवारले १५ महिना पुनर्स्थापना केन्द्रमा राखेर ल्याए पनि पुरानै समूहमा पुगिन् उनी । त्यसपछि फेरि आठ महिना राखेर फर्काउँदा पनि त्यस्तै भयो । अहिले पनि उनी पुनर्स्थापना केन्द्रमै छिन् । उषा भन्छिन्, 'मेरो समूहमा ड्रग्स लिने धेरै केटा साथी थिए, तर उनीहरू र मलाई गरिने सामाजिक व्यवहार निकै फरक थियो । सबैले भन्दथे, 'छोरा मान्छेलाई त केही हुँदैन, यसलाई भोलि समाजमा बस्न कठिन हुनेछ ।' १५ वर्षअघिको कुरा सम्भँदै उषा भन्छिन्- त्यो सत्य रहेछ । लागूऔषध प्रयोग गर्ने धेरै केटाले घरजम गरिसकेका छन्, बच्चा जन्मिसकेका छन् । तर, उनीहरूले आफ्नो जिम्मेवारी वहन गर्न सकेका छैनन् । अनि त्यसको सजाय निर्दोष बच्चा र महिलाले भोगिरहेका छन् । लागूऔषध प्रयोग गर्ने केटाका परिवारले केटी पक्षसँग यथार्थ लुकाउने र केटी पक्षले पनि कस्तो केटा हो बुझ्दै-नबुझी बिहे गरिदिने कारणले गर्दा महिला दोहोरो समस्यामा परेका छन् ।

त्यस्तै, पारिवारिक समस्याका कारण १५ वर्षको उमेरदेखि लागूपदार्थ सेवन गर्दै आएकी २२ वर्षीया सुनिता राईको काखमा सात वर्षको छोरा छ । १३ वर्षको उमेरमा भारतको सिक्किमबाट भागेर नेपाल आएकी सुनिताले नेपाल आएको केही वर्षपछि प्रेमविवाह गरिन् । तर, त्यो सम्बन्ध धेरै समय टिक्न सकेन । विवाहको एक वर्षमा छोरा जन्मेपछि सौता लिएर हिँडेका श्रीमान्सँग अहिलेसम्म उनको कुनै सम्पर्क छैन । आफ्नो र छोराको आवश्यकता पूरा गर्न काठमाडौंको एक डान्स रेस्टुरेन्टमा काम गर्न थालेकी उनलाई दुर्व्यसनीहरूले पीर बिर्साउँछ भन्दै ड्रग्समा फसाएका थिए । उनका अनुसार, ड्रग्सको डोज पूरा गर्न यौनशोषणमा परेका धेरै युवती गर्भवती अवस्थामा पुगेपछि बिचल्लीमा परेका छन् । सुरुका दिनमा डान्स बारमा काम गर्ने साथीहरूबाट ड्रग्स लिन सुरु गरेकी उनी पछि यसको कारोबारमा संलग्न भइन् । बारबाट आउने आम्दानीले नपुगेपछि यसको कारोबारमा संलग्न भएको उनी बताउँछिन् । उनका अनुसार वीरगञ्जबाट काठमाडौं ल्याएर बेच्दा दोब्बर मूल्य पाउने भएकाले खर्च पुऱ्याउन पनि सजिलो भयो । वीरगञ्जमा उनीसँग कारोबारमा संलग्न भएको व्यक्ति प्रहरी नियन्त्रणमा परेपछि उनले धरानबाट ड्रग्स ल्याएर काठमाडौं बेच्न थालिन् । यसैक्रममा नशा सेवन गरेको अवस्थामा प्रहरीको नियन्त्रणमा परिन् । दुई दिनपछि मुक्त भएपछि पुनः यस कार्यलाई निरन्तरता दिइन् । उनका अनुसार काठमाडौंको तुलनामा वीरगञ्ज र धरानमा ड्रग्स धेरै सस्तो छ । बिग्रँदो स्वास्थ्य अवस्थाबीच कारोबारमा संलग्न हुन नसक्ने भएपछि उनलाई पुनर्स्थापना केन्द्रमा राखिएको छ ।

उषा, केशरी र सुनिता लागूऔषधको दुर्व्यसनमा फसेका महिलाका प्रतिनिधि पात्र मात्र हुन्, जो खेर गएको समय, पैसा र स्वास्थ्यको बर्बादीप्रति पछुतो मान्दै ड्रग्सले दास बनाएको शरीरलाई त्यसबाट मुक्त पार्न कठोर सङ्घर्ष गरिरहेका छन् । शरीरमा ड्रग्स नपुग्दा नशा-नशामा पीडा हुने हुनाले सुधार केन्द्रमा पुगेकाहरू पनि फेरि त्यही दलदलमा फर्कन्छन् । उषाजस्ता महिनौं सुधार केन्द्रमा बसेर फर्केकाहरूलाई समाजमा लुकेका लागूऔषधका व्यापारीहरू पर्खिरहेका हुन्छन् । जति दुर्व्यसनी बढे उनीहरूलाई त्यति नै फाइदा हुन्छ ।

दुर्व्यसनीमा पनि महिला थप समस्यामा छन् । एक डोजका लागि समेत यौनशोषणमा पर्ने उनीहरूमध्ये कतिपयले ड्रग्स जुटाउन यौन-व्यवसाय नै अँगाल्छन् । १४ वर्षदेखि महिला दुर्व्यसनीका लागि काम गरिरहेको रिचमण्ड फेलोसिप, नेपालकी कार्यक्रम व्यवस्थापक पूजा

निरौलाका अनुसार, दुर्व्यसनको क्रममा गर्भवती बनेकाको परिवारमाथि अर्को थप समस्या थपिन्छ। उनी भन्छिन्, 'परिवारहरू आफ्नी अविवाहित छोरीलाई सुधार केन्द्रमा ल्याउनुको साटो घरमा लुकाएर राख्न थाल्छन्, जुन सम्भवै हुँदैन। सुधार केन्द्रमा ल्याइएकाहरूको पनि गर्भपतन गर्न त्यति सहज हुँदैन। अर्कोतिर ड्रग्ससँगै एचआईभी/एड्स, हेपाटाइटिस बी-सी, क्षयरोगलगायतका समस्याबाट उनीहरूको शारीरिक अवस्था निकै कमजोर भइसकेको हुन्छ।'

वीर अस्पतालमा १७ वर्षदेखि एचआईभी सङ्क्रमित र लागूऔषध प्रयोगकर्ताको उपचार गरिरहेका डा. सुशील शाक्य अधिकांश महिला दुर्व्यसनी शारीरिक कमजोरीसँगै मनोवैज्ञानिक समस्यामा पनि हुने भएकाले सुरक्षित गर्भपतन असम्भव हुने बताउँछन्। रिचमण्ड फेलोसिपमा उपचार गरेका २५० महिलामध्ये १५ जना अविवाहितले गर्भपतन सम्भव नभएर बच्चा जन्माएका छन्। केन्द्रीय तथ्याङ्क विभागको ०६३ सालको जनगणनाले देखाएको ४६ हजार तीन सय नौ लागूऔषध प्रयोगकर्तामध्ये तीन हजार तीन सय ५६ जना महिला छन्। देशभरका दुई सय ३४ पुनर्स्थापना र सुधार केन्द्रमध्ये तीनवटा मात्र महिलाका लागि छन्। लागूऔषध प्रयोगकर्ता महिलाका लागि सुधारगृहमा ठाउँ पाउन निकै मुस्किल पर्छ।

लागूऔषध नियन्त्रण कानुन कार्यान्वयन इकाइ, नेपाल प्रहरीका अनुसार प्रतिदुर्व्यसनी दैनिक पाँच सयको आधार मान्दा ड्रग्समा वार्षिक आठ अर्ब ४५ करोडभन्दा बढी रकम खर्च भइरहेको छ। दुर्व्यसनी महिलाको यो यथार्थता हेर्दा महिलामाथि हुने हिंसाको रूप परिवर्तन हुँदै गएको तर हिंसामा कमी हुन नसकेको कुरा चित्रण हुन्छ।

*साभार : संचारिका फिचर सेवा*

*(मीना स्वतन्त्र पत्रकार हुन्, उनका खोजमूलक फिचरहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित हुने गरेका छन्)*

# सशक्त महिला आयोगको आवश्यकता

**दक्षिण एसियामा भारत, श्रीलंकालगायतका देशमा महिला आयोग सशक्त रूपमा कार्यरत छ। श्रीलंकाको आयोगमा आर्थिक, राजनीतिक, शैक्षिकलगायतका क्षेत्रका विज्ञहरू नियुक्त गरिएको हुन्छ भने भारतको आयोग सबैभन्दा सशक्त र स्वतन्त्र मानिन्छ। अन्य मुलुकहरूमा राजनीतिक कार्यकर्ता नभएर स्वतन्त्र विज्ञहरू आयोगमा नियुक्त गरिन्छ।**

**✍ लक्ष्मी बस्नेत**

महिलामाथि हुने हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवसको अवसरमा प्रधानमन्त्री डा. बाबुराम भट्टराई राष्ट्रिय महिला आयोगले गरेको कार्यक्रमको प्रमुख अतिथिका रूपमा जाने भनेको सुन्दा सम्बन्धित क्षेत्रमा कार्यरत मानिसमा एकप्रकारको कुतूहल थियो। प्रधानमन्त्री भएदेखि महिला सवालमा मात्र केन्द्रित भएर सार्वजनिक कार्यक्रममा उहाँका अभिव्यक्ति आएका थिएनन्। त्यसकारणले पनि प्रधानमन्त्रीबाट केही न केही नयाँ कुरा र प्रतिबद्धता आउला भन्ने अपेक्षा उपस्थित व्यक्तिहरूमा थियो। प्रधानमन्त्रीसामु राष्ट्रिय महिला आयोगका सचिव डा. बद्रीप्रसाद पोखरेलले आयोगबारे जानकारी दिँदै भने, 'आयोग आफैं अधिकारविहीन छ, आफ्नै अधिकार खोज्न बाध्य छ, आयोगको आफ्नो भवन छैन, काठमाडौंबाहिर कार्यालय अथवा सम्पर्क कार्यालयसम्म पनि छैन, पीडित महिलाका लागि निःशुल्क टेलिफोनको व्यवस्थासमेत छैन, त्यतिमात्र होइन, पाँच सदस्यीय आयोगमा तीनजना पदाधिकारी नियुक्त हुनै बाँकी छ।'

प्रधानमन्त्रीले यी सब सुनिसकेपछि आयोगको संरचनालगायतका कुरामा केही सुधार हुने अपेक्षा गरिएको थियो। तर, आयोगको रूप हिजो जस्तो थियो अहिले पनि त्यस्तै छ। एउटा

गैरसरकारी संस्थाको जति पनि बजेट नभएको यो संस्था जेनतेन चलिरहेको छ। अधिकारसम्पन्न र स्वतन्त्र निकायका रूपमा एउटा छुट्टै अवधारणाले अधिकारकर्मीले महिला आयोगको माग गरेका थिए। तर, अन्ततः यो आयोग पनि अन्य सरकारी निकायहरू जस्तै राजनीतिक कार्यकर्ता भर्ना गर्ने केन्द्र बन्न पुग्यो। जसको असर नेपालको पूरै महिला आन्दोलन र महिला हकहितका क्षेत्रमा परिरहेको छ।

विगत तीन दशकअघिदेखि महिला अधिकारका क्षेत्रमा काम गर्दै आउनुभएकी महिला अधिकारकर्मी दुर्गा घिमिरे भन्नुहुन्छ, 'नेपालमा महिलाको विविध पक्षमा काम गर्न राष्ट्रिय आयोग स्थापना हुनुपर्छ भनेर हामीले आन्दोलन नै गरेका थियौँ, त्यो आन्दोलन यसप्रकारको अधिकारविहीन आयोगका लागि थिएन। चीनको राजधानी बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले महिला सरोकारका विभिन्न बुँदाहरू पारित गरेपछि नेपाललाई महिला मन्त्रालय तथा राष्ट्रिय महिला आयोगजस्ता निकायहरूको स्थापनाका लागि दबाब परेको थियो। महिला आयोग स्थापनाका लागि अवधारणा तय गर्न त्यतिबेला एउटा कार्यदल नै गठन गरिएको थियो जसमा वरिष्ठ नेतृहरू साहना प्रधान, प्रा.डा. शान्ता थपलियाका साथै सावित्री थापा, कल्याणी शाह, शारदा पोखरेल, दुर्गा घिमिरे, शशि श्रेष्ठलगायत संलग्न थिए। उनीहरूले आयोगको स्वरूप, संरचना, हैसियत कस्तो हुने भनेर तत्कालीन सरकारका प्रतिनिधिहरूसामु अवधारणा पेस गरेका थिए।

कुनै पनि आयोगको अर्थ खास प्रयोजनका लागि गठन गरिएको अधिकारप्राप्त, उच्चस्तरीय, स्वतन्त्र संस्था वा निकाय हो। तर, राष्ट्रिय महिला आयोगले भने त्यो हैसियत प्राप्त गर्न सकेको छैन। महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको एउटा विभाग वा शाखाको हैसियतमा रहने आयोगको परिकल्पना नेतृहरूले गरेका थिएनन्। ०५८ सालमा गठन भएको राष्ट्रिय महिला आयोगमा सुरुदेखि नै राजनीतिक दलको भागबण्डाको आधारमा पदाधिकारीहरूको नियुक्ति गरिँदै आएको छ।

आयोगको काम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, महासन्धि तथा प्रस्तावहरूको कार्यान्वयनका लागि सरकारलाई झकझकाउनुदेखि लिएर राष्ट्रिय कानुनहरूको कार्यान्वयन तथा महिलाका विभिन्न मुद्दाहरूको सुनुवाइ प्रमुख हुनुपर्नेमा यी कुराहरू जुन रूपमा अगाडि बढ्नुपर्ने हो बढ्न सकेका छैनन्। आयोगमा महिलाका लागि टोल फ्री अर्थात् निःशुल्क टेलिफोनको व्यवस्थासमेत छैन। त्यस्तै जिल्लामा यसका शाखाहरू नहुँदा जिल्लाका महिलाको पहुँच आयोगसम्म पुग्न सकेको छैन। आयोगमा अहिले मासिक ३० देखि ३५ वटा जति महिला हिंसाका घटना दर्ता हुने गरेका छन्। नेपाल प्रहरी र अन्य अधिकारवादी संस्थाहरूमा यसप्रकारका घटना दर्ता बढी छन्। गत असोजमा आयोगमा ३० वटा घटना दर्ता हुँदा गैरसरकारी संस्था ओरेकमा दुई सय दुईवटा महिला हिंसाका घटना दर्ता भएका थिए। तीमध्ये सबैभन्दा बढी ५९ वटा घरेलु हिंसाका थिए। त्यस्तै आठजनाको महिलाको त हत्या नै भएको छ भने चारजनामाथि हत्याको प्रयास भएको छ। यसैगरी दुईवटा सामूहिकसहित २३ वटा बलात्कारका घटना भएको छ भने १० जनालाई बोक्सीको आरोप लगाउँदै गम्भीर यातनासमेत दिएको पाइएको छ। रेकर्ड राखिएको महिला हिंसाको तथ्याङ्क आयोग र ओरकको आकाश-जमिनको फरक छ। आयोगलाई राजनीतिक कार्यकर्ता भर्ती केन्द्र नबनाएको भए हुन्थ्यो भन्ने धारणा अधिकारकर्मी डा. रेणुराज भण्डारीको छ। महिलाका मुद्दा बुझेका, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा लवी गर्न सक्ने महिला अधिकारकर्मी आयोगका पदाधिकारीका रूपमा रहनुपर्ने उहाँले बताउनुभयो। को महिला कस्तो भन्दा पनि सही ठाउँमा सही व्यक्तिको नियुक्ति हुनुपर्ने माग अधिकारकर्मीहरूको देखिन्छ।

राजनीतिक नियुक्तिबाटै आयोगको पूर्वसदस्य रहिसक्नुभएकी सभासद् महालक्ष्मी उपाध्याय (डिना) को बुझाइमा आयोगमा राजनीतिक नियुक्ति हुनै नमिल्ने भन्नेचाहिँ होइन, तर विषय बुझेको मान्छे त्यहाँ पुगेर निष्पक्ष रूपमा काम गर्न सक्यो भने राम्रो हुन्छ। पूर्वसदस्य धनकुमारी सुनारका अनुसार, आयोगलाई स्वतन्त्र निकाय नबनाउँदा आर्थिक, मानवीय स्रोतसाधनको पनि अभाव हुने गरेकाले काम गर्न गाह्रो छ। आयोगमा करिब ४० जना कर्मचारी कार्यरत छन् भने कार्यक्रम बजेट भनेर करिब एक करोड २६ लाख मात्र बजेट भएको आयोगको लेखा शाखाले जनाएको छ।

आयोगकी वर्तमान अध्यक्ष शेख चाँदताराका अनुसार, आयोगमा बसेर काम गर्न त्यति सजिलो भने छैन । 'साधन-स्रोतको अभाव छ, मैले मन्त्री र प्रधानमन्त्रीको पनि ध्यानाकर्षण गराएकी छु, हेरौँ के हुन्छ,' उहाँको भनाइ छ । आयोगका पूर्वसदस्य सुनारको अनुभवमा आयोगमा पदाधिकारीहरू पूर्ण नहुँदा महत्वपूर्ण काममा बाधा पुग्छ । कुनै पनि गम्भीर प्रकृतिको महिला हिंसालगायतका घटनाबारे आवश्यक कामकारबाहीका लागि सरकारलाई निर्देशन दिन, कुनै नीतिनियम वा कानुन संशोधनका लागि निर्णय गर्नेजस्ता काममा सर्वसम्मत वा नभए बहुमतले निर्णय गर्नुपर्छ । आयोग लामो समयदेखि अध्यक्ष र एक सदस्य पदाधिकारीका भरमा चलिरहेको छ ।

राष्ट्रिय महिला आयोग ऐन, २०६३ अनुसार महिला बालबालिका तथा समाजकल्याणमन्त्री अध्यक्ष रहेको समितिले सिफारिस गरेपछि मन्त्रिपरिषद्ले आयोगमा पदाधिकारी नियुक्ति गर्ने प्रावधान छ । यो समितिमा संसद्को महिला, बालबालिका समिति पनि सदस्य हुन्छ तर समितिलाई आयोग पदाधिकारीविहीन भएकोबारे खासै जानकारी छैन । औपचारिक जानकारी गराएको भए निर्देशन दिन सजिलो हुने समिति सदस्य गोविन्द नेपालीले बताउनुभयो । उहाँका अनुसार समितिले निर्देशन दिन कि आयोगले औपचारिक जानकारी गराउनुपर्छ या त समितिका सभापतिले चासो देखाएर निर्देशन दिनुपर्छ ।

दक्षिण एसियामा भारत, श्रीलंकालगायतका देशमा महिला आयोग सशक्त रूपमा कार्यरत छ । श्रीलंकाको आयोगमा आर्थिक, राजनीतिक, शैक्षिकलगायतका क्षेत्रका विज्ञहरू नियुक्त गरिएको हुन्छ भने भारतको आयोग सबैभन्दा सशक्त र स्वतन्त्र मानिन्छ। अन्य मुलुकहरूमा राजनीतिक कार्यकर्ता नभएर स्वतन्त्र विज्ञहरू आयोगमा नियुक्त गरिन्छ। नेपालको आयोगलाई पनि संवैधानिक बनाएर सशक्त बनाउनुपर्ने धारणा महिला अधिकारकर्मीहरूको रहेको छ ।

*साभार : संचारिका फिचर सेवा*

*(लक्ष्मी सामुदायिक सूचना नेटवर्क (सीआइएन)सँग सम्बद्ध पत्रकार हुन्)*

# कानुनभन्दा बलियो चेतना

**महिलाका पक्षमा कानुनै नबनेका होइनन्, तर महिला स्वयम् जागरुक नभइदिदा ती कानुन किताबको पानाबाट बाहिर निस्कन सकेका छैनन् । जसको उदाहरणस्वरूप पोखराकी एक सक्रिय महिला अधिकारकर्मीले छैटौंपटक गर्भपतन गराइन् ।**

**✍ सुष्मा पौडेल**

'नेपालमा प्रजातन्त्रको स्थापनापछि महिलाको पक्षमा धेरै कानुन बने। महिला अधिकार र समानताका लागि राजनीतिक पार्टीहरूले पनि आफ्ना घोषणापत्रमा शब्दहरू खर्च गरे। तर, कानुन र घोषणापत्र जतिसुकै राम्रा बने पनि दूरदराजका महिलाको स्थितिमा त्यति ठूलो सुधार हुन सकेको छैन। यसको अर्थ कानुनको निर्माण र त्यसको पालनाको प्रयासले मात्रै समस्याको समाधान नहुँदो रहेछ। यसका लागि चेतनाको उच्चतम् प्रयोग जरुरी हुने रहेछ ।'

महिलाका पक्षमा कानुनै नबनेका होइनन्, तर महिला स्वयम् जागरुक नभइदिँदा ती कानुन किताबको पानाबाट बाहिर निस्कन सकेका छैनन्। जसको उदाहरणस्वरूप पोखराकी एक सक्रिय महिला अधिकारकर्मीले छैटौँपटक गर्भपतन गराइन् । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेका बेला गर्भपतन गरेकी उनी दुई छोरीकी

आमा हुन् । उनी भन्छिन्, 'छोरा पाउने मेरो रहरभन्दा पनि परिवारको दबाब हो ।' उनको भावमा श्रीमान्को चित्त दुखाउनुहुन्न भन्ने सोचले काम गरिरहेको प्रस्ट देखिन्थ्यो ।

समाजशास्त्रमा एमए सिध्याएर एउटा एनजीओमा जागिरेसमेत रहेकी ती महिलाको अवस्था त यस्तो छ भने अशिक्षित र श्रीमान्कै भर पर्नुपर्ने महिलाको हालत के होला, हामी सजिलै अनुमान लगाउन सक्छौँ । 'आफैं अधिकारकर्मी भएर पारिवारिक दबाबमा किन यस्तो गर्नुभएको त ?' उनी भन्छिन्, 'जतिसुकै अधिकारका कुरा गरे पनि व्यावहारिक कुरा बडो अप्ठ्यारो हुँदोरहेछ ।'

उनको कुरा सुन्दा यस्तो लाग्छ- कुसंस्कारको कालो बादलमा दूरदराजका महिला मात्र होइन, शिक्षित र सम्पन्न सहरिया महिला पनि जकडिएका छन् । पोखरा सञ्चय कोष भवनकी लक्ष्मी श्रेष्ठले पनि एक वर्षमै दुईपटक गर्भपतन गरिन् । श्रीमान् डाक्टर भएकाले 'खासै झन्झट' भने व्यहोर्नु नपरेको बताउँदै उनी भन्छिन्, 'एक छोरी र एक छोरा पाउने चाहना उहाँको भएकाले गर्भपतन गरिएको हो ।' उनले दोष श्रीमान्लाई थोपरे पनि 'वंश धान्न छोरा नै चाहिन्छ' भन्ने पुरातन सोचसँग विद्रोह गर्न नसकेको प्रस्ट देखिन्थ्यो ।

कानुनले १२ हप्तासम्मको अनिच्छित गर्भपतनलाई कानुनी मान्यता दिए पनि लिङ्गको पहिचान भइसकेको गर्भ पतन गराउनुलाई अपराध मानेको छ । मुलुकी ऐनमा लिङ्ग पहिचान र गर्भपतन गर्ने-गराउने दुवैलाई ज्यानसम्बन्धी सजायको व्यवस्था गरेको छ । तर, कानुन र दायित्वबारे राम्रै जानकारी राख्ने बौद्धिक महिला र पुरुष पनि अवैध गर्भपतनको कार्यमा संलग्न भएको देख्दा यस्तो लाग्छ- बौद्धिकताले मात्रै परिवर्तन सम्भव नहुँदो रहेछ ।

शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्कीका अध्यक्ष अधिवक्ता सुरेन्द्र थापाका अनुसार, लिङ्ग पहिचान भएको गर्भपतन गर्ने/गराउनेलाई तीनदेखि ६ महिना र लिङ्ग पहिचान गरी गर्भपतन गराउनेलाई ६ महिनादेखि दुई वर्षसम्मको कैद सजायको व्यवस्था रहेको छ । तर, अपराध अनुसन्धान र मुद्दा चलाउने कार्य भने शून्य अवस्थामा रहेको छ । यी घटना केही उदाहरण मात्र हुन्, समाजको भित्री पाटोमा गएर खोज्ने हो भने प्रत्येक दिन सयौँ भ्रुणको हत्या भइरहेको छ । त्यसमा शिक्षित, अर्धशिक्षित र अशिक्षित सबै छन् । साधारण महिला मात्र होइन, स्वयम् अधिकारकर्मी महिला, शिक्षिका, कर्मचारी, कानुन व्यवसायी, पत्रकार, कलाकारलगायत आफूलाई जान्ने-सुन्ने भन्नेहरू पनि संलग्न रहने गरेको पाइएको छ । पहिले-पहिले भारतमा गएर गर्भपतन गराउनुपर्ने थियो, अहिले हरेक अस्पताल र च्याउसरि खोलिएका क्लिनिकहरूमा यस्तो सुविधा हुन थालेपछि गर्भपतन गर्नेको सङ्ख्यामा ह्वात्तै वृद्धि भएको छ । अधिवक्ता थापा भन्छन्, 'यो कार्यमा अशिक्षितभन्दा बढी शिक्षित समुदाय रहेको देखिन्छ ।'

कास्की लेखनाथकी शकुन्तला बराल केही दिनअगाडि मात्र दाइजो नल्याएको भन्दै श्रीमान् र सासूबाट मरणासन्न हुनेगरी कुटिइन् । उनलाई देवरले अस्पताल भर्ना गरेका थिए । तर, उनी यो घटनालाई सार्वजनिक गर्न चाहन्नन् । भन्छिन्, 'मेरो कर्ममा यस्तै लेखेको रहेछ ।' आर्थिक, शारीरिक र मानसिक असुरक्षाको कारण उनी चुप लाग्नुमै आफ्नो हित सम्झिन्छिन् । यो उनको कमजोरी होइन, कानुनको प्रभावकारी कार्यान्वयनको अभाव हो ।

महिला हिंसाविरुद्धको वर्ष पुस्तकमा उल्लेख भएअनुसार सन् २०१० जुलाईदेखि २०११ जुनसम्ममा १५ सय ६९ वटा घटना दर्ता भएको देखिन्छ । त्यसमध्ये ६४ प्रतिशत घटना घरेलु हिंसासम्बन्धी थिए । तर पनि शकुन्तलाजस्ता धेरै महिला आफ्नो भाग्य र कर्मलाई दोष दिँदै बसिरहेका छन् । कानुन व्यवसायी भगवती पहारी भन्छिन्, 'घरेलु हिंसामा कुनै न कुनै माध्यमबाट सबै वर्गका महिला परिरहेका भए पनि उजुरी गर्न आउनेहरू अति नै भएपछि मात्र आउने गरेको देखिन्छ ।' यसको अर्थ अपराध लुक्नु र लुकाउनु महाअपराध हो भन्ने चेतना विकास नभएको कारणले महिलामाथि विभिन्न प्रकारका हिंसाहरू भइरहेका छन् ।

केही पुरुषमा महिला आन्दोलन भनेको पुरुषविरोधी आन्दोलन भएको भ्रमका कारण पनि अप्रत्यक्ष रूपमा महिलालाई टेवा पुगेको अधिवक्ता सरला पाण्डेको बुझाइ छ । उनी भन्छिन्, 'यो आन्दोलन पुरुषविरोधी आन्दोलन नभई विकास, शान्ति र समानताका लागि महिला र पुरुषको संयुक्त भएकाले पुरुषलाई पनि साथ लिनु आवश्यक छ ।' सरलाको सुझावलाई आत्मसात् गर्ने हो भने महिलाविरुद्धका हिंसा अन्त्य गर्न

राज्यले महिलाको पक्षमा भएका नीति, नियम, कानुन र योजनाको निर्माण गर्ने र भएका नीति, नियम, कानुन र योजनालाई प्रभावकारी कार्यान्वयन गर्नुका साथै पुरुषलाई पनि यो आन्दोलनमा सहभागी गराउनुपर्ने देखिन्छ। मानवअधिकारकर्मी रामबहादुर पौडेलको विचारमा अधिकारकर्मी स्वयम्ले विभेदको अत्य आफैंबाट गरे समानता सम्भव छ। पोखराजस्तो सभ्य र शिक्षित मानिने समाजमा समेत परम्परागत सोचले जरा गाडेको छ भने दूरदराजका गाउँमा कस्तो होला भन्ने कुरा अनुमान गर्न सकिन्छ। समाजशास्त्री विश्वकल्याण पराजुलीका विचारमा 'समाजमा रहेका विभेद र कुरीतिलाई नचिरेसम्म कानुन बनेर मात्र समाजमा परिवर्तन असम्भव छ। विभेदहरू चिर्नका लागि समाजमा क्रान्ति भइरहे तापनि चेतनास्तरमा विकास नभएका कारण स्थितिमा सुधार आउन नसकेको हो। महिला हिंसा कारण र परिणामहरू विषयमा अनुसन्धान गरेकी अनुसन्धानकर्ता सरोजिनी शर्मा महिला हिंसा अत्यका लागि कानुनको कार्यान्वयनका साथै मानसिकतामा परिवर्तन हुनुपर्ने बताउँछिन्।

महिला आर्थिक, समाजिक, सांस्कृतिक र शैक्षिक रूपमा बलियो हुनुपर्ने कुरामा जोड दिँदै यसका लागि ग्रामीण र सहरी क्षेत्रबाट महिला-पुरुष दुवै मिली महिलामुखी कार्यक्रम सञ्चालन गर्नुपर्ने उनको धारणा छ।

उता अधिकारकर्मी विष्णुप्रसाद बराल धर्मशास्त्रमा भएका विभेदलाई पनि दोष दिन्छन्। 'संस्कृति र परम्पराका नाउँमा महिलामाथि हुँदै आएका विभेद कानुनले मात्र नियन्त्रण गर्न नसक्ने' उनको बुझाइ छ। यसको अर्थ हुन्छ- कुसंस्कारविरुद्धको सचेतना क्रान्ति नै महिला हिंसा समाप्तिको आधार बन्न सक्छ।

*साभार : संचारिका फिचर सेवा*

*(सुष्मा पोखराबाट प्रकाशित हुने आदर्श समाज दैनिकसँग पत्रकार हुन्।)*

# सानोझैं लाग्ने ठूलो समस्या

**प्रगति निमावि रूपन्देहीकी कक्षा सातकी छात्रा निशा खान छात्राका लागि छुट्टै शौचालय नभएकाले महिनावारीमा सबैजसो छात्रा विद्यालय नआउने बताउँछिन्। 'परीक्षामा मात्र जसोतसो आउँछौं, अरू बेला खुल्ला ठाउँमा शौच गरे पनि महिनावारीमा पटकपटक शौचालय जानुपर्ने भएकाले पढाइ छुटे पनि घरमै बस्छौं, विद्यालय जाँदैनौं, निशाले भनिन्।**

✍ **अतृता अनमोल**

भनिन्छ, विद्यालय ज्ञान पाउने मन्दिर हो जहाँ जातपात र लिङ्गबीच कुनै विभेद हुँदैन। उक्ति र भनाइमा जे भए पनि ज्ञान पाउने मन्दिर विद्यालय लैङ्गिक विभेदमुक्त हुन भने सकेका छैनन्। विद्यालयमा शिक्षा दिने तरिका, बसाइ, प्रोत्साहन गर्ने शैली र सुविधालगायतमा अझै पनि लैङ्गिक विभेद कायमै छ। छात्राका लागि छुट्टै शौचालयसमेत नबनाइदिँदा धेरै छात्रा अझै पनि विद्यालय जान सकेका छैनन्। आएका पनि विद्यालय तह पूरा नगरी बीचमै कक्षा छोड्न बाध्य छन्। उदाहरणका लागि रूपन्देहीका सामुदायिक विद्यालयलाई लिऊँ। जहाँ ३० प्रतिशत विद्यालय शौचालयविहीन छन्। छात्रामैत्री अर्थात् छात्राका लागि छुट्टै शौचालय त मुस्किलले १५ प्रतिशत मात्रै छन्।

शारीरिक असहजता र सामाजिक लोकलाजका कारण खुला रूपमा दिसापिसाब गर्नका लागि केटाभन्दा केटीमा बढी समस्या हुने गर्छ। खुला रूपमा दिसापिसाब गर्ने प्रचलन रहेका रूपन्देहीका ग्रामीण भेगका धेरै विद्यालयले यो कुरा बुझ्न सकेका छैनन्। शौचालय भएका विद्यालयमा पनि छात्राका लागि छुट्टै शौचालय बनाइएका छैनन्। शौचालय नभएपछि विद्यालय आएका छात्रा दिसापिसाब गर्न कहाँ र कसरी जाने

भन्ने समस्यामा छन् । सरस्वती निमावि सिक्टहनकी कक्षा आठकी विद्यार्थी रीताकुमारी गुप्ता भन्छिन्, 'केटाजस्तो जहाँ पायो त्यहाँ बस्न पनि मिल्दैन । नजिकमा रूख र झाडी पनि छैन । विद्यालयमा शौचालय नै नभएपछि हामीहरूलाई साह्रै समस्या पर्छ ।' शौचालय नभएपछि विद्यालय आएदेखि धेरैजसो दिसापिसाब च्यापेर बस्ने र नसके कक्षा छोडेरै घर जाने गरेको उनले सुनाइन् ।

विद्यालयमा शौचालय नहुने र नजिकमा शौच गर्न मिल्ने स्थान पनि नहुने । यही कारण पनि रूपन्देहीका धेरै केटी अझै पनि विद्यालय आउन सकेका छैनन् । विद्यालय आएकामा पनि महिनावारी सुरु भएपछि बीचमै कक्षा छोड्ने र नियमित विद्यालय नआउने समस्या बढी छ । विद्यालयमा शौचालय नभएकै कारण गाउँका साफिया, मारिया, गुडिया, सलमा, रीतालगायतका १३ जना साथी कक्षा पाँचपछि पढ्न नगएको सिक्टहनको सुक्रौलीकी सामाजिक कार्यकर्ता जानकी हरिजनले बताइन् । अरू समयमा जसोतसो निर्वाह गरे पनि महिनावारीको समयमा रगतको व्यवस्थापनका लागि कपडा फेर्नुपर्ने, पटक-पटक सफाइ गर्नुपर्ने र सुरक्षित शौचालय चाहिने भएकाले विद्यालयको पढाइ बिगारेर घरमै बस्नुपरेको अधिकांश छात्रा गुनासो गर्छन् । प्रगति निमावि रूपन्देहीकी कक्षा सातकी छात्रा निशा खान छात्राका लागि छुट्टै शौचालय नभएकाले महिनावारीमा सबैजसो छात्रा विद्यालय नआउने बताउँछिन् । 'परीक्षामा मात्र जसोतसो आउँछौं, अरू बेला खुल्ला ठाउँमा शौच गरे पनि महिनावारीमा पटकपटक शौचालय जानुपर्ने भएकाले पढाइ छुटे पनि घरमै बस्छौं, विद्यालय जाँदैनौं,' निशाले भनिन् ।

छात्रा शौचालय नभएकै कारण महिनावारीको समयमा महिनामा चार दिन विद्यालय नआउँदा मात्रै छात्राहरूको वर्षमा झण्डै एक महिना पढाइ छुट्ने गरेको छ । यसले गर्दा छात्राहरूले बीचमै पढाइ छोड्ने, अनुत्तीर्ण हुने, प्रतिस्पर्धामा पछाडि पर्ने गरेका छन् । यति मात्रै होइन, समग्रमा यस्ता विद्यालयका छात्राको शैक्षिक गुणस्तर नै छात्रको तुलनामा धेरै पछाडि रहेको शिक्षकहरूको समेत अनुभव छ । सिक्टहन निमावि सिक्टहनका प्रधानाध्यापक दूधनाथ कुँवरका अनुसार नियमित विद्यालय आउन नसकेकै कारण छात्राको बारम्बार पढाइ छुट्ने गरेको छ । 'यसले गर्दा उनीहरूले प्रायः राम्रो स्थान ल्याउन सक्दैनन्, सानो कक्षामा राम्रा रहेका विद्यार्थी पनि ठूलो कक्षामा पुग्दा पढाइमा पछाडि धकेलिँदै जान्छन्,' उनले भने ।

छात्रा शौचालयको समस्या बढी उठेपछि दुई वर्षअघि जिल्ला शिक्षा कार्यालयले छात्रा पढाउने दर २० प्रतिशतभन्दा कम भएका तथा कक्षा छोड्ने दर बढी भएका रूपन्देहीका दक्षिणी भेगका २३ गाविसका ४८ विद्यालयमा अध्ययन नै गरेको थियो । अध्ययनमा विद्यालयमा छात्रामैत्री शौचालय नहुँदा छात्राहरू विद्यालय नआउने र आए पनि नटिक्ने गरेको तथ्य भेटिएको छ । त्यसपछि ती विद्यालयमा छात्रामैत्री शौचालय बनाउने र छात्रामैत्री विद्यालय बनाउन अभियान थालिएको कार्यालयका उपसचिव तथा छात्रा शिक्षा संयोजक थानेश्वर ज्ञवालीले बताए ।

विद्यालयमा छात्रामैत्री शौचालय नभएकै कारण पनि विद्यालयमा केटीहरूको पहुँच नपुगेको, बीचमै कक्षा छोडेको र पढाइमा नियमितता नभएको भन्दै महिला हिंसाविरुद्धको वर्षको अवसरमा राज्यले सन् २०१० मा छात्रामैत्री शौचालय बनाउने अभियान नै थालेको थियो । जसअन्तर्गत रूपन्देहीका ६९ सामुदायिक विद्यालयमा छात्रामैत्री शौचालय बनाइएका छन् । छात्रामैत्री शौचालय भएपछि ती विद्यालयमा सकारात्मक लक्षणसमेत देखिएको छात्रा शिक्षा संयोजक ज्ञवालीको अनुभव छ । बढेको छात्राको सङ्ख्या र नियमिततालाई देखेर यो वर्ष पनि शौचालय नभएका विद्यालयमा शौचालय बनाउने र भएकामा छात्राका लागि लुगा फेर्न मिल्नेगरी छुट्टै शौचालय बनाउन अभियान थालेको उनले जनाए ।

शौचालय बनाउने अभियान नै थाले पनि रूपन्देहीका करिब ३० प्रतिशत विद्यालय अझै पनि शौचालयविहीन छन् । शौचालय भएकामध्ये २० प्रतिशतमा मात्र छात्रामैत्री शौचालय बनेका छन् । छात्रामैत्री बने पनि कतिपयको व्यवस्थापन नहुँदा प्रयोगविहीन भएका छन् । यसले गर्दा ग्रामीण क्षेत्रका धेरैजसो छात्रा अझै पनि महिनावारीको समयमा विद्यालय जान सकेका छैनन् । यसले गर्दा अपेक्षित रूपमा केटीलाई विद्यालय ल्याउन र आधारभूत तह उत्तीर्ण नगरी विद्यालय छोड्ने दर घटाउन र बीचमै कक्षा छोडेकालाई पुनः विद्यालयमा ल्याउन नसकिएको जिल्ला शिक्षा कार्यालयको स्वीकारोक्ति छ ।

रूपन्देहीमा जस्तै नेपालका अन्य जिल्लामा पनि छात्रामैत्री शौचालय नहुँदा छोरीहरू विद्यालय नआउने र नटिक्ने समस्या छ। दिसापिसाब च्यापेर बस्दा स्वास्थ्यमा असर पर्ने सम्भावना पनि त्यत्तिकै छ। यसको अध्ययन गरेका महिला सभासद्हरू छात्रामैत्री शौचालय नहुने हो भने सबै छोरीको पहुँचमा शिक्षा पुऱ्याउन नसकिने ठोकुवा गर्छन्। यही ठोकुवासहित सन् २०१० मा विद्यालयमा लैङ्गिकमैत्री शौचालय बनाउन दबाब दिएर विद्यालयमा लैङ्गिक विभेद रोक्ने अभियान थालेको उनीहरू बताउँछन्। सभासद् राधा ज्ञवालीले पटकपटक दबाब दिएर यो वर्ष पनि विद्यालयलाई लैङ्गिकमैत्री बनाउन सबै विद्यालयमा छात्रा शौचालय बनाउन योजना नै पारित गराएको बताइन्। 'योजना त पारित भयो छात्राहरूलाई विद्यालयमा टिकाउन अब छात्रा शौचालयको निर्माण र सञ्चालन कसरी हुन्छ त्यसको अनुगमन गर्नुपर्नेछ,' उनले भनिन्। लैङ्गिक विभेद अन्त्य मात्र होइन विद्यालय सुधार कार्यक्रमअन्तर्गत राखिएको छात्रामैत्री शौचालयलाई व्यवहारमा कार्यान्वयन गर्न दाता र शिक्षाविद्हरूले पनि दबाब दिनुपर्छ। नत्र सन् २०१५ सम्ममा न त सबैको पहुँचमा शिक्षा पुग्नेछ न त ज्ञान पाउने मन्दिरमा लैङ्गिक विभेद घट्नेछ।

*साभार : संचारिका फिचर सेवा*

*(अमृता कान्तिपुर दैनिककी बुटवलस्थित संवाददाता हुन्)*

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ। प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन्। फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ। प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ। प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ। फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौं। यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौं। फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौं। फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौं।


**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**



**सम्पर्क ठेगाना**
सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५५११८२, ५०००५१९
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

**संयोजन/सम्पादन**
**बबिता बस्नेत**